आज मिति २०८० फागुन १३ गते आईतवारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ४०औं कार्यपालिका बैठक बस्यो।

उपस्थिती बैठक नं. ४०

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर वहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन वहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री वलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछान) | सदस्य | |
| २५ | श्री विद्या वहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिव | |

CamScanner

अन्य उपस्थिति

श्री राम प्रसाद शर्मा, शिक्षा शाखा प्रमुख
श्री जीवलाल श्रेष्ठ, योजना शाखा प्रमुख
श्री अविनाश पन्थी, प्रशासन शाखा प्रमुख
श्री टिकाराम बस्याल, पूर्वाधार शाखा प्रमुख
श्री संगीता पौडेल सापकोटा, प्रशासन शाखा
श्री अनिता ज्ञवाली, रोजगार संयोजक
श्री कृष्णहरी सापकोटा, सूचना प्रविधि अधिकृत
श्री गगन भट्टराई, कृषि विकास शाखा प्रमुख
श्री सन्दिप न्यौपाने, MIS operator
श्री सागर न्यौपाने, नगर प्रमुख स्वकीय सचिव
श्री बेल बहादुर ठाडा मगर, कार्यालय सहयोगी

CS CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

<u>४० औं कार्यपालिका बैठक/२०८० फागुन १३</u>

<u>छलफलका विषयः-</u>

१. अन्तर स्थानीय तह समन्वयात्मक वैठकका निर्णय कार्यान्वयन सम्वन्धमा,
२. MWASH कार्यान्यनका लागि गण्डकी प्रदेश सरकार उर्जा तथा खानेपानी मन्त्रालय सँग भएको समझदारी सम्झौता सम्वन्धमा,
३. स्थानीय तहको नमुना कानून सम्वन्धमा,
४. नगर विकास कोषमा प्रस्ताव गरिएका आयोजना सम्वद्ध जग्गाको प्राप्ती सम्वन्धमा,
५. देवचुली-७, स्थित सेन्टरप्लटको जग्गा प्राप्ती सम्वन्धमा,
६. वडा भूमि सहजिकरण र नगर भूमि सहजिकरण वाट सिफारिस भई आएका ४९६ जनाको नामावली कार्यापालिकाबाट प्रमाणिकरण गरी जिल्ला भूमि आयोगमा थप कार्य प्रक्रियाको सम्वन्धमा,
७. भूमि सम्वन्धी ९ जना कर्मचारीको म्याद थप सम्वन्धमा,
८. जग्गा वर्गीकरण सम्वन्धी परामर्शदाताको म्याद थप तथा रकम भुक्तानी सम्वन्धमा,
९. वैकल्पिक उर्जासँग साझेदारीमा योजना कार्यान्वयन सम्वन्धमा,
१०. नापा वासको योजना कार्यान्वयन सम्वन्धमा,
११. घाटगद्दी गरिएको (वडा नं. १० र १३) ढुंगा-गिट्टी उपयोग सम्वन्धमा,
१२. सूर्यकिरण आ.वि. र मेशजालीको को ठेक्कावाट घटेको रकम सम्वन्धमा,
१३. विषयगत समितिवाट कार्यक्रम कार्यन्वयनका लागि भएका निर्णय अनुमोदन सम्वन्धनमा,
१४. खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधान स्वीकृत र दर्ता सम्वन्धमा,
१५. वातावरण तथा विपद इकाईबाट निर्णयका लागि पेश भएका प्रस्ताव सम्वन्धमा,
१६. देवचुली-१७ स्थित ओयसिस ईङ्लिस वोर्डिङ स्कूलको कक्षा थप अनुमति सम्वन्धमा,
१७. फोहरमैला व्यवस्थापन सम्वन्धमा,
१८. अन्य विविधः
    - आ.व. २०७९/८० मा करार सेवामा ईन्जिनियर पदको पदपूर्तिको आवेदन रद्द गर्ने सम्वन्धमा,
    - देवचुली-१७ स्थित वरटाँडीमा खानेपानीको सतह स्क्यान गर्ने सम्वन्धमा,
    - राष्ट्रिय मगर एकता दिवसका सन्दर्भमा स्थानीय विदा दिने सम्वन्धमा,
    - देवचुली-१२ मा गरिएको पुष्प खेतीमा भएको नोक्सानीको क्षतिपूर्ति सम्वन्धमा,

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

- नगरपालिकामा नागरिक सेवा कक्ष संचालन सम्बन्धमा,
- यस नगरपालिकामा संघीय सरकारबाट विनियोजित कार्यक्रम तथा योजनाहरु रातो किताबमा अन्य प्रदेशको सूचीमा परेको सम्बन्धमा,
- बाढी तथा डुवान नियन्त्रणका लागि रकम विनियोजन सम्बन्धमा,
- बस्तुभाउका लागि प्रयोग गर्न नमिल्ने साइलेज व्यवस्थापन सम्बन्धमा,

देवचुली नगरपालिकाको चालिसौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

१. नवलपरासी (ब.सु.पू.) का स्थानीय तहका प्रमुखहरुको समन्वयात्मक बैठकका निर्णयहरुका विषयमा नगर कार्यपालिकामा जानकारी भयो।

२. यस नगरपालिकामा MWASH कार्यान्यनका लागि गण्डकी प्रदेश सरकार उर्जा तथा खानेपानी मन्त्रालय सँग भएको समझदारी सम्झौताका विषयमा नगर कार्यपालिकामा जानकारी भयो।

३. गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्थानीय तहको अधिकार सूची तथा कार्यजिम्मेबारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा स्थानीय तहको अनुरोध भई आएमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने नीति अनुरुप कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत "स्थानीय तहहरुको लागि नमूना कानून निर्माणमा सहयोग" कार्यक्रमका लागि देहायका कानून तथा नीति निर्माणका लागि लेखि पठाउनेः

क. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,
ख. कार्यपालिका बैठक संचालन कार्यविधि,
ग. खानेपानी, सरसफाई तथा स्वच्छता ऐन,
घ. पूर्वाधार मर्मत संभार कोष संचालन कार्यविधि,
ङ. वातावरणमैत्री नीति तथा कार्यविधि,
च. विपद् व्यवस्थापन योजना (२०८०/८१-२०८४/८५)
छ. स्थानीय उत्पादन प्रवर्द्धन नीति,
ज. स्थानीय विपद् व्यवस्थापन कोष कार्यविधि,
झ. सामाजिक सुरक्षा तथा संरक्षण नीति।

CamScanner

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

४. सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४, उपदफा (१) बमोजिम देवचुली नगरपालिका वडा नं. १६ स्थित उत्तर धुसेरी टोल जाने ग्रावेल बाटो, दक्षिण महेन्द्र राजमार्ग, पूर्व ईलाका प्रहरी कार्यालय र पश्चिममा मुकुण्डे खोला सीमाना रहेको चालकिल्ला भित्रको करिब १ विगाहा क्षेत्रफल रहेको जग्गा हाटवजार निर्माणको लागि र उत्तर वडा कार्यालय देखि मुकुण्डे खोला सम्मको भित्री पिच बाटो, दक्षिण देवचुली आ.वि. देखि पुरानो कृषि विकास बैंक जाने भित्री पिच बाटो, पूर्व रजहर चोक देखि प्राकृतिक चिकित्सालय जाने भित्री पिच बाटो र पश्चिम रजहर चोक देखि पुरानो कृषि विकास बैंक जाने भित्री पिच बाटो सीमाना रहेको चार किल्ला भित्रको करिब ५ कठ्ठा क्षेत्रफल रहेको जग्गा मल्टिप्रपोज कमर्सियल विल्डिङ निर्माणको लागि यसैगरी देवचुली-१३ स्थित प्रगतिनगर १/क (वडा कार्यालय सँगै रहेको सार्वजनिक जग्गा) पूर्व बौलाहा खोला, पश्चिम कि.नं. १७९, ९५३, ९५२, उत्तर कि.नं १५९, २७१४, २२५, २२४ दक्षिण महेन्द्र राजमार्ग सीमाना रहेको चार किल्ला भित्रको करिब २-०-०-० क्षेत्रफल रहेको जग्गा र प्रगतिनगर १/क १५९(लागत कट्टा भएको सार्वजनिक जग्गा) पूर्व कि.नं. २७१४, २७१३, ६५५, ६५६, ३५४, ३५७, ६५८, ९०७, ९१६, ३०९७, ३००९, ३००६, ३००८, १९८३, १९८२, २८८०, २८७८, १३६, १३५, १३१, पश्चिम कि.नं. ५१४, ३०६३, ५४४, ५४३, ७८२, ७८१, १७५५, ६४०, १६४, १६३, १९९५, ३३६, २६९०, २४५३, २८११, १८९४, १६०, २७६०, २४९४, २८३२, १९८०, २८७७, २८७६, १२०,६२२, ११२४,११२२,११२३, ६२०, उत्तर कि.नं.३०८५,२८७७,१२० र वडा नं. १२ का जग्गाहरु र दक्षिण वडा कार्यालय  रहेको सार्वजनिक जग्गा सीमाना रहेको चार किल्ला भित्रको करिब ३-१४-०-० क्षेत्रफल रहेको जग्गा बस पार्क तथा मल्टिप्रपोज कमर्सियल विल्डिङ निर्माणको लागि उपयोग गर्न देवचुली नगरपालिकालाई उपलब्ध गराउने प्रक्रिया अगाडी बढाउन जिल्ला प्रशासन कार्यालय कावासोती र मालपोत कार्यालय कावासोतीलाई अनुरोध गर्ने।

५. सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४, उपदफा (१) बमोजिम साविक देवचुली गा.वि.स. वडा नं. १ ग को कि.नं. २२३ को ज.वि. ५-१८-१७ जग्गा लुम्बिनी अंचल क्षेत्रीय बसोबास कार्यालयले सेन्टरप्लटको लागि छुट्टाई राखेकोमा उक्त कित्ताको सोही क्षेत्रफल मध्येको ०-५-० जग्गा फोड भई कि.नं. २५१ व्यक्तिका नाममा दर्ता रहेकोमा सम्मानित सर्वोच्च अदालतबाट व्यक्तिका

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

नामको दर्ता बदर गरी सार्वजनिक कायम गर्ने फैसला भएकोले उक्त जग्गा प्रासिका लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिन जिल्ला प्रशासन कार्यालय कावासोती र मालपोत कार्यालय कावासोतीलाई अनुरोध गर्ने।

६. वडा नं. ४, ५ र १६ को वडा समिति तथा भूमि सम्वन्धी वडा सहजिकरण समितिवाट सिफारिस भई आएका देहायका नामावली विवरण र जग्गाको प्रकृति प्रमाणिकरण गरी जिल्ला भूमि आयोगमा सिफारिसको लागि लेखि आएकोले उक्त विवरण तथा नामावली कार्यपालिकावाट प्रमाणिकरण गरी जिल्ला भूमि आयोगमा पठाउने।

| सि.नं. | वडा नं. | भूमिहीन दलित | भूमिहीन सुकुम्वासी | जम्मा | जग्गाको प्रकृति |
|---|---|---|---|---|---|
| १. | ४ | ८ | ६८ | ७६ | कृषि |
| २. | ५ | २१ | ५४ | ७५ | कृषि |
| ३. | १६ | ९९ | ७१ | १७० | कृषि |
| जम्मा | | १२८ | १९३ | ३२१ | |

७. नगरपालिका क्षेत्र भित्रका भुमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबास व्यवस्थापनका लागि जग्गा नापजाँच गर्न करार सेवामा कार्यरत ९ जना कर्मचारीको सम्झौता २०८० माघ मसान्तमा समाप्त भएकोले २०८० चैत्र मासान्त सम्मका लागि थप गर्ने।

८. यस नगरपालिकाका जग्गाहरु वर्गीकरण गर्ने कार्यका लागि परामर्शदाता सँग सम्झौता भई कार्य भइरहेकोमा सम्झौता अवधी २८० असोज मसान्तमा समाप्त भई आर्थिक विकास शाखाबाट २०८० असोज २९ मा म्याद थपका लागि टिप्पणी पेश भई कार्यालय प्रमुखबाट स्वीकृत भएकोले २०८० चैत्र मसान्त सम्म म्याद थप गर्ने र परामर्शदाताबाट माग भएको रकम भुक्तानी गर्ने।

९. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग हरित जलवायु कोषको सहयोगमा कार्यान्वयन हुने स्वच्छ उर्जा कार्यक्रम कार्यान्वयनका लागि समझदारी पत्रमा भएको सम्झौता बमोजिम कार्यक्रम संचालन गर्ने। साथै बजेट सि.नं. ८७१ वाट वडा नं. १ दिव्यधाम परिसर, दाह संस्कार घाट लगायतका आवश्यक स्थानमा सोलार वत्ती जडान गर्ने।

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख

CamScanner

१०.वडा नं. ६ मुण्डे स्थित धाराडी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा कार्यान्वयन हुने योजनामा प्राविधिक लागत अनुमानका आधारमा नगरपालिकाको समपुरक कोषबाट नापा वास कार्यक्रम सँग लागत साझेदारी गरी योजना कार्यान्वयन गर्ने।

११. वडा नं. १० र १३ मा घाट गद्दी गरी राखिएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी) संघीय सरकार, प्रदेश सरकारबाट यस नगरपालिकामा कार्यान्वयन हुने आयोजनाका लागि बोलपत्रदाता लाई BOQ मा उल्लिखित परिमाण भित्र रही तपसिल बमोजिमको दररेटमा उपलब्ध गराउने;

- बौलाहा खोलाको नदीजन्य पदार्थ – १७७८ प्रति ट्र्याक्टर
- लोकाहा खोलाको नदीजन्य पदार्थ – १७१३ प्रति ट्र्याक्टर

१२.संघीय सरकारको विशेष अनुदान अन्तर्गत मेशजाली निर्माणका लागि ठेक्का सम्झौता पश्चात बाँकी हुन आउने रु १८ लाखको सोही योजनाका लागि पुनः ठेक्काको प्रक्रिया अगाडि बनाउने। साथै वडा नं. ११ सूर्यकिरण आ.वि.को ठेक्का सम्पन्न पश्चात बाँकी रु. १ लाख ५० हजारको थप काम उपभोक्ता समितिबाट सोही विद्यालयमा गर्ने र रु ५० हजार प्रगतिनगर स्वास्थ्य चौकीमा पूर्वाधार निर्माण गर्ने।

१३.चालु आ.व.मा स्वीकृत कार्यक्रमहरु मध्ये विषयगत समितिबाट निर्णय/सिफारिस भै कार्यान्वयन भएका देहायका कार्यक्रम/योजनाहरुको खर्च अनुमोदन गर्ने।

सामाजिक विकास शाखा मार्फत सामाजिक विकास समितिः

| सि.नं. | नाम,थर | ठेगाना | काम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | धन बहादुर कामी (शारिरिक अपाङ्गता) | दे.न.पा.-७ | डकर्मी कामको लागि मेसिन र काठ खरिद | ३२,४००/- | नगरस्तरीय अपाङ्गता समिति |
| २. | तम बहादुर सारु मगर (शारिरिक अपाङ्गता) | दे.न.पा.-१२ | ठेला र चटपट,पानिपुरी सामाग्री खरिद | ३०,०००/- | नगरस्तरीय अपाङ्गता समिति |
| ३. | उत्सव गौतम (दृष्टी बिहिन) | दे.न.पा.-१७ | शैक्षिक प्रयोजन, ल्यापटप खरिद | ५७,०००/- | नगरस्तरीय अपाङ्गता समिति |
| ४. | समिक्षा देवकोटा | दे.न.पा.-१३ | सिलाई मेसिन खरिद | २०,०००/- | लैं.हि.को.नि.समिति |
| ५. | बसन्ती परियार | दे.न.पा.-११ | बाख्रापालन | १५,०००/- | लैं.हि.को.नि.समिति |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

आर्थिक विकास समितिबाट निर्णय/सिफारिस भएका कार्यक्रम;

| निर्णय नं. | योजनाको नाम | बजेट सि.नं | स्विकृत बजेट | खर्च हुने बजेट | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| २०८०/१०/१० | सिंचाइ व्यवस्थापन कार्यक्रम | २९५ २९६ | २०००००० | १९५०००० | ३ व्यक्तिगत फर्म १३ सिंचाइ समिति तथा समुह | १५ प्रतिशत अनुदान- फर्म ५० प्रतिशत अनुदान- सिंचाइ समिति तथा समुह |
| २०८०/१०/१० | युवा लक्षित पुष्प तथा फलफूल व्यवसाय प्रवर्धन | २८९ | २००००० | ७०००० | १ (व्यक्तिगत फर्म) | ५० प्रतिशत अनुदान |
| २०८०/१०/१० | सामुहिक तरकारी नर्सरी निर्माण सहित तरकारी बाली पकैट स्यापना कार्यक्रममा | २९३ | ८००००० | ४५०००० | २(व्यक्तिगत फर्म) | ५० प्रतिशत अनुदान |
| २०८०/१०/१० | फलफूल बगौंचा स्थापनाका लागि फलफूल बिरुवा वितरण कार्यक्रममा | २८२ | ३००००० | ९०००० | २(व्यक्तिगत फर्म) | ५० प्रतिशत अनुदान |
| २०८०/१०/१० | भकारो सुधार कार्यक्रममा | २८० | ८००००० | ६००००० | ३(व्यक्तिगत फर्म) | ५० प्रतिशत अनुदान |
| २०८०/१०/१० | मसलाबाली प्रवर्धन कार्यक्रम | २८४ | १००००० | ५०००० | १ | ५० प्रतिशत अनुदान |
| २०८०/१०/१० | व्यवसायिक कृषि अनुदान कार्यक्रम | २८५ | ८००००० | १७०००० | २ | ५० प्रतिशत अनुदान |
| २०८०/१०/२१ | मकै बालि प्रवर्धन कार्यक्रम | ८१८ | १०००००० | ६७५७०० | ४ समुह | ५० प्रतिशत अनुदान |

१४. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ र १२ बमोजिम नगरपालिका क्षेत्रभित्र रहेका देहायका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधान स्वीकृत गरी दर्ता प्रक्रिया अगाडि बढाउने;

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

क. साविक देवचुली खानेपानी तथा सरसफाइ उपभोक्ता समिति क  देवचुली खानेपानी तथा सरसफाइ उपभोक्ता समिति ख र रानिवेल खानेपानी तथा सरसफाई उपभोक्ता समिति आपसमा गाभिइ कायम भएको देवचुली खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,

ख. वडा नं. -६ किर्तिपुरमा स्थित रातोडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,

ग. वडा नं. -५ धवाह खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था,

घ. वडा नं. -५ मौलाथुम्की खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था,

ङ. वडा नं. -५ पातीसोरा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था,

साथै सो सम्बन्धमा जानकारीका लागि नगरक्षेत्रभित्रका सबै खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुलाई समेत पत्राचार गर्ने।

१५. देवचुली नगरपालिका प्रास्तावक रही तयार गरेको तपसिल बमोजिमका प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने।

क. वडा नं ५ डुवाटे टोलमा रहेको जग्गामा खेलमैदान निर्माण गर्ने परियोजना कार्यान्वयनका गर्ने कार्यको IEE प्रतिवेदन,

ख. वडा नं ४ अवस्थित नवासिर्जनाचोक देखि भञ्याङ जाने बाटो दिगो तथा वातावरणमैत्री तरिकाले निर्माण गर्ने परियोजनाको IEE प्रतिवेदन,

ग. वडा नं. १० स्थित नगरपालिका स्तरीय रंगशाला निर्माण कार्य को लागि IEE प्रतिवेदन,

घ. वडा नं. १३ स्थित राजमार्ग दक्षिण वौलाहा खोलाबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यको लागि IEE प्रतिवेदन,

ङ. वडा नं. १६ स्थित बगाहा खोलाबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यको लागि IEE प्रतिवेदन,

वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिसमा प्राप्त तपसिलका योजनाहरु स्वीकृत गर्ने;

| योजना | स्थान | विनियोजित हुनुपर्ने बजेट |
|---|---|---|
| जिर्ण अवस्थाको कल्भर्ट पुनर्निर्माण | देवचुली -७ र १२ को सिमाना | रु १००,००० |
| कटान नियन्त्रण का लागि तटबन्धन | देवचुली १६ आपचौर | रु २००,००० |

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

| | | |
|---|---|---|
| कटान नियन्त्रण तथा सार्वजनिक जग्गा संरक्षण | देवचुली -६ | रु २००,००० |
| टोक्रे नहर संरक्षण तथा पहिरो नियन्त्रण | देवचुली -७ | रु २००,००० |

१६. देवचुली-१७ स्थित ओयसिस ईङ्लिस बोर्डिङ स्कूलमा हालसम्म कक्षा ८ सम्म पठनपाठन भइरहेकोमा यस शैक्षिक सत्रबाट कक्षा ९ का लागि कक्षा थप गर्न अनुमति माग भइ आएकोले शिक्षा शाखाबाट कक्षा थपको अनुमति प्रदानका लागि सिफारिस प्राप्त भएको हुँदा कक्षा थपको अनुमति प्रदान गर्ने।

१७. नगरपालिकाबाट उत्सर्जन हुने फोहरमैलाको दिगो र प्रभावकारी व्यवस्थापन गर्न कार्यालयबाट पेश भएको कार्यशर्त स्वीकृत गरी निर्माण भएको लागत इष्टिमेट बमोजिम निजी क्षेत्रबाट प्रस्ताव आव्हानका लागि नेपालको राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्ने।

१८. अन्य विविधः

- आ.व. २०७९/०८० मा करार सेवामा ईन्जिनियर पदपूर्तिका लागि वि.नं. १०, ०७९/८० (मिति २०७९/१०/१८) सूचना प्रकाशित गरी आवेदन माग भएकोमा उक्त सूचना बमोजिमको आवेदन रद्द गर्ने।
- देवचुली-१७, स्थित वरटाँडीमा खानेपानीको समस्या देखिएको र बस्तीबाट निकै परबाट खानेपानी बोक्नु पर्ने स्थिति रहेकोले जमिनको सतह मुनीको पानीको स्रोत स्क्यान गर्नका लागि प्राविधिक लागत अनुमानका आधारमा बजेट शिर्षक नं. २०२ बाट रकम उपलब्ध गराउने।
- मिति २०८०/११/१५, मंगलबारका दिन ४२औं मगर एकता दिवसको अवसरमा देवचुली नगरपालिकामा सार्वजनिक विदा गर्ने।
- देवचुली-१२ का महिलाहरुलाई आर्थिक उपार्जनका लागि कृषि शाखा सँग समन्वय गरी चाडपर्व लक्षित गरी पुष्प खेती गरेकोमा समय अगावै फुलेर आम्दानी गर्न कठिनाइ भई पुष्प खेतीमा नोक्सानी भएकोले कृषि विकास शाखाको प्राविधिक मूल्याङ्कनका आधारमा वडा स्तरीय बजेट सि.नं. ६२१ बाट रु २ लाख ५० हजार उपलब्ध गराउने।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद क्याँपाले
नगर प्रमुख

CamScanner

- नागरिकलाई नगरपालिकाबाट सेवा लिने क्रममा फायल र निवेदन आफै लिएर प्रत्येक तला र कार्यकक्ष पुग्न असहज हुने देखिएकोले सेवाग्राहीको सुविधा र सहज सेवा प्रवाहको लागि कार्यालयको भुँई तलामा आवश्यक जनशक्ती सहित नागरिक सेवा कक्षको व्यवस्थापन गर्ने।
- आ.व.२०८०/०८१ मा संघीय सरकारबाट यस नगरपालिकामा कार्यान्वयन हुने गरी बजेट विनियोजन भएका योजनाहरु अन्य प्रदेशका कार्यालयहरुको सूचीमा पर्न गएको देखिएको हुँदा यस नगरपालिकामा कार्यन्वयन हुने गरी संशोधन गरिदिन अर्थ मन्त्रालयमा अनुरोध पत्र पठाउने।
- देवचुली-१६, टाँगीकोट कुमारवर्ती चोकमा गत वर्षको वर्षातका समयमा बाढी आई लामो समयसम्म डुबान रहेको र पानी निकासको समस्या तत्काल समाधान हुन नसकेकोले यस वर्ष समेत सोही समस्या दोहिरिन सक्ने हुँदा समयमै सो विपद्को जोखिम नियन्त्रण गर्न पानीको समुचित निकासका लागि नाला निर्माण गर्न आवश्यक देखिएको र सो सम्बन्धमा प्राविधिक लागत अनुमानका आधारमा रु ९ लाख रकम विपद् कोषबाट उपलब्ध गराउने।
- गत आ.व. मा यस नगरपालिकाको साईलेज कारखानाबाट उत्पादन भएको ७९३७० के.जी. साइलेज भण्डारणका क्रममा मुसाले प्वाल पारी पशु बस्तुलाई खुवाउन उपयुक्त नदेखिएको र प्राङ्गारिक मल बनाउन प्रयोग गर्ने भनि आर्थिक विकास समितिबाट निर्णय सिफारिस प्राप्त भएकोले सोही बमोजिम गर्ने।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख